# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पातारासी गाउँपालिका

## जुम्ला





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पातारासी गाउँपालिका

## जुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## पातारासी गाउँपालिका

### जुम्ला


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. : ४६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
पातारासी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जुम्ला।

**कैफियत सहितको राय**

हामीले पातारासी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.८ करोड ५९ लाख  हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध भई रु.१५ लाख ७४ हजार असूल भएको र बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२१ लाख ८७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड १६ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ७७ लाख ८५ हजार र पेश्की रु.२७ लाख ८० हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.१३ करोड ४७ लाख ३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२१ करोड ८८ लाख ७८ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी  वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# पातारासी गाउँपालिका, जुम्ला

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६० | ७३ | ८५९५४ | ० | १ | १५७४ | ६० | ७२ | ८४३८० | २१८७ | ३७७८५ | ४१६२८ | ० | ० | ७९४१३ | २७८० |

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| **क्र.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| **१** | **२८** | **अनुदान फिर्ता नगरेको** | **१५७४** |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पातारासी गाउँपालिका जुम्ला | १३४७०३ | ० | २०५ | १३४४९८ | ० | ८४३८० | २१८८७८ |

## आर्थिक कारोबारको स्थिति जनन

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : पातारासी गाउँपालिका, जुम्ला , पतारासी गाउँपालिका , जुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विष्णु प्रसाद धिताल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | टेक बहादुर बुढ्थापा | २०७८-४-१ | |
| लेखा प्रमुख | जितेन्द्र रावत | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गणेश ऐडी | २०७८-४-१ | |
| | | **बेरुजु रकम** | ८४,३७९,९२४.४६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,०९,०४,२४६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९,७७,७४,३९० | **चालु खर्च** | २७,९८,६४,९२४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५१,६२,१०० | **पूँजीगत खर्च** | १२,२३,१७,३६३ |
| **राजश्व बाँडफाँट** | ७,५४,५१,६४० | **वित्तीय/अन्य व्यवस्था** | ८,३१,८९,३३१ |
| **आन्तरिक आय** | २०,२४,५७० | | |
| **अन्य आय** | ७,७४,८८,१२८ | | |
| **कुल आय** | ४७,७९,००,८२८ | **कूल खर्च** | ४८,५३,७१,६१८ |

| बाँकी मौज्दात | ४,३४,३३,४५६ |
|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३३ सभा सदस्य, ८१४.०७ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार १३५ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९। ०६ ।०१ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **स्थानीय संचित कोष :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | गत वर्षको जिम्मेवारी | | ५१५९७०९० | १ | चालु खर्च | २७९८६४९२४ | २७९८६४९२४ | |
| | | | | क) नगद | ० | | २ | पूँजीगत खर्च | १२२३१७३६३ | १२२३१७३६३ | |
| | | | | ख) बैंक | ५१५९७०९० | | ३ | स्थानीय तह विविध कोष | १०२६२६१ | १०२६२६१ | |
| | | | २ | राजस्व ( आन्तरिक आय) | ० | ७७४७६२१० | ४ | प्रकोष व्यवस्थापन कोष | १८२६०७० | १८२६०७० | |
| | | | | क) आन्तरिक राजस्व | २०२४५७० | | ५ | गरिब सँग विश्वेश्वर | ४४६९०० | ४४६९०० | |
| | | | | ख) राजस्व बाँडफाँड | ७५४५१६४० | | ६ | मुख्यमन्त्री रोजगार कार्यक्रम | १५२४८०३४ | १५२४८०३४ | |
| | | | | ग) अन्य आय | | | ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ४९९७८९०२ | ४९९७८९०२ | |
| | | | ३ | वित्तिय हस्तान्तरण संघ | | २९७७७४३९० | ८ | सशर्त अनुदान फिर्ता | १६९३४७९३ | १६९३४७९३ | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | १०१९००००० | | ९ | धरौटी फिर्ता | ९०२६९७ | ९०२६९७ | |
| | | | | ख) सशर्त अनुदान | १८१७८४५४० | | १० | मौज्दात | | ४३४३३४५६ | |
| | | | | ग) समपूरक अनुदान | १४०८९८५० | | | क) बैंक मौज्दात | ३४६८१३४८ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | ० | | | ख) नगद मौज्दात | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २७५८५१०० | | प्रकोष व्यवस्थापन कोष मौज्दात | १५९१०४५ | |
| | क) वित्तिय समानीकरण अनुदान | १०८५५००० | | | धरौट मौज्दात | ३१६६१९४ | |
| | ख) सशर्त अनुदान | १२६००७०० | | | कोष खाताको मौज्दात | ३९९४८६९ | |
| | ग) समपुरक अनुदान | १७०६४०० | | | | | |
| | घ) विशेष अनुदान | २४२३००० | | | | | |
| ५ | मुख्यमन्त्री रोजगार कार्यक्रम | १५२४८०३४ | १५२४८०३४ | | | | |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | ४९९७८९०२ | ४९९७८९०२ | | | | |
| ७ | गरिब सँग विश्वेश्वर | ४४६९०० | ४४६९०० | | | | |
| ८ | धरौटी आय | ३३७६०४७ | ३३७६०४७ | | | | |
| ९ | प्रकोप व्यवस्थापन कोष | ३४१७११५ | ३४१७११५ | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>अन्य विविध आय</td><td>५०२११३०</td><td>५०२११३०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>आय भन्दा वढी देखिएको</td><td>५८४८२</td><td>५८४८२</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५३१९७९४००</td><td></td><td>जम्मा</td><td></td><td>५३१९७९४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>जिम्मेवारी फरक परेकोः<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.५६८५६६०२.०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१३०७७३५.०० जिम्मेवारी सारेको देखियो । जस अनुसार गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५५५४८८६७.०० घटी जिम्मेवारी सरेको सम्बन्धमा पालिकाले श्रेस्तामा जिम्मेवारी सार्दा बैंक मौज्दात डेविट गर्नुपर्नेमा आन्तरिक आम्दानी डेविट गरेकोले मौज्दात ऋणात्मक देखाएको जनाएको छ । पालिकाले सो सम्वन्धमा छानविन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेकोः</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>ग.२.१ चालु खाता</td><td>५६८८११८</td><td>२१७१६५९३</td><td>१६०२८४७५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>ग.२.३ पुँजिगत खर्च खाता</td><td>१९१५९५८७</td><td>१७५९०९२४</td><td>-१५६८६६३</td></tr>
<tr><td>३</td><td>ग.२.७ विविध खर्च खाता</td><td>३९९४८६९</td><td>३९९४८६९</td><td>०</td></tr>
<tr><td>४</td><td>ग.३.१ धरौटी खाता</td><td>३७८१०८५</td><td>३१६६१९४</td><td>-६१४८९१</td></tr>
<tr><td>५</td><td>ग.४.१ संचित कोष खाता</td><td>१०८८३८६६</td><td>२५०३९७००</td><td>१४१५५८३४</td></tr>
<tr><td>६</td><td>ग.२.७ प्रकोष व्यवस्थापन कोष</td><td>४५८९०४५</td><td>१५९१०४५</td><td>-२९९८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४८०९६५७०</td><td>७३०९९३२५</td><td>२५००२७५५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>पालिकाको २०७९ असार ३२ गतेको बैक स्टेटमेन्ट अनुसार पुँजीगत खाता, धरौटी खाता र प्रकोप व्यवस्थापन खातामा श्रेस्ताभन्दा घटी मौज्दात देखिएकोले सो सम्वन्धमा एकिन गरि हिसाव मिलान पेश हुनुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>२</td><td>ग.२.३ पुँजिगत खर्च खाता</td><td>१९१५९५८७</td><td>१७५९०९२४</td><td>-१५६८६६३</td></tr>
<tr><td>४</td><td>ग.३.१ धरौटी खाता</td><td>३७८१०८५</td><td>३१६६१९४</td><td>-६१४८९१</td></tr>
<tr><td>६</td><td>ग.२.७ प्रकोष व्यवस्थापन कोष</td><td>४५८९०४५</td><td>१५९१०४५</td><td>-२९९८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७५२९७१७</td><td>२२३४८१६३</td><td>-५१८१५५४</td></tr>
</table>
</td><td>५,१८१,५५४</td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.५८,२२,८९५.०४ र पुजीगत खर्च खातामा रु.३८,१८,७५३.०० समेत गरी रु.९६,४१,६४८.०४ मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा २५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.१ करोड ८४ लाख ४६ हजार तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **गत बर्षको दायित्वः**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई भुक्तानी दिन बाँकी रहेको रकम यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| ७ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्ष श्री पुनकली महतराले मिति २०७८।०३।१० गते रु.४८ करोड ८४ लाख ५५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।२८ मा पारित भएको छ । | |
| १० | | | **अबण्डा बजेटः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो अन्य भैपरी आउने सार्वजनिक निर्माणमा रु.२ करोड ३० लाख ३ हजार, उपाध्यक्ष विकास कोष (भैपरी आउने पुजीगत खर्च) रु.५० लाख र अध्यक्ष विकास कोष (भैपरी आउने पुजीगत खर्च) रु.५० लाख गरि यस बर्ष रु.३ करोड ३० लाख ३ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको पटके निर्णयबाट विभिन्न योजनामा रु.२ करोड १९ लाख ७९ हजार खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा सुधार गर्नुपर्दछ । | |
| ११ | | | **वित्तीय विवरणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट पालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. २,५०,०२,७५५.०० ले फरक देखिएको छ ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| १२ | | | **योजना छनौट र कार्यान्वयन :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म: ५३; रु १ लाख देखि २ लाखसम्म: ३९; रु २ लाखदेखि ५ लाखसम्मका: ४५; रु ५लाख देखि १० लाखसम्मका: ३०; रु १० लाखभन्दा बढीको: ३१; जम्मा: १९८<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि २ करोड सम्मका जम्मा १९८ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ५३ | ३९ | ४५ | ३० | ३१ | १९८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १३ | | | **खर्च बिश्लेषणः**<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु - २०,२४,५७०/- राजस्व बाँडफाँड र अनुदानबाट रु ४०१९९६०३७-समेत रु.४०४०२०६०७ आम्दानी भएकोमा चालु तर्फ रु. २७,९८,६४,९२४/- र पूँजिगत तर्फ रु. १२,२३,१७,३६३/- समेत रु ४०,२१,८२,२८७-/-खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०-५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ४८,०९,०००/- खर्च भएको छ जुन आन्तरिक आय भन्दा १३७ प्रतिशत वढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७० प्रतिशत चालु र ३० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १४ | | | **न्यायीक समितिः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार यो बर्षको २ उजुरी दर्ता भएकोमा १ फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १५ | | | **कानून र सञ्चालन स्थितिः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, २५ कार्यविधि र निर्देशिका ३ वटा लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १६ | | | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | विवरण पेश नभएको |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ६८३ |
| मृत्युदर्ता | १२६ |
| बसाईसराई दर्ता | ४७ |
| विवाह दर्ता | १९६ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | विवरण पेश नभएको |
| कालोपत्रे सडक मर्मत | विवरण पेश नभएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>ग्राभेल सडक निर्माण</td><td>विवरण पेश नभएको</td></tr><tr><td>ग्राभेल सडक मर्मत</td><td>विवरण पेश नभएको</td></tr></table><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेक घर नक्सा पास, दर्ता र पूर्वाधार विकासमा लक्ष्य प्रगति शून्य देखिदा पालिकाको सेवा प्रभावकारी नदेखिएकोले सुधार गर्नुपर्दछ । | |
| १७ | | | **चौमासिक खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ बमोजिम स्वीकृत भएको कार्यक्रम बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><table><tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr><tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr><tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>२७९८६४९२४</td><td>६७६०६१२८</td><td>६६४५२३५०</td><td>१५५८०६४४६</td><td>८६५२९०००</td></tr><tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>१२२३१७३६३</td><td>९३५२०००</td><td>१२२२२२६०</td><td>१००७४३१०३</td><td>६२९३७०००</td></tr><tr><td></td><td>जम्मा</td><td>४०२१८२२८७</td><td>७६९५८१२८</td><td>७८६७४६१०</td><td>२५६५४९५४९</td><td>१४९४६६०००</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>१९.१३%</td><td>१९.५६ %</td><td>६१.३३%</td><td>३७.१६%</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४०२१८२२८७ खर्च भएकोमा प्रथम चौमासिकमा १९.१३ प्रतिशत, दोश्रो चौमासिकमा १९.५६प्रतिशत र तेश्रो चौमासिकमा ६१.३३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१४९४६६००० अर्थात ३७.१६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित नगद प्रवाह देखिएन । ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः<br><br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">सि.न.</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३७६७१६१८</td><td>३५५४२४६३</td><td>९%</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१३५५२९६३२.७१</td><td>९६२७७३३१</td><td>२४%</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१९५९४३३४४</td><td>१७५५२३१४१.३२</td><td>४३%</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास,सेवा प्रवाह र सुशासन</td><td>३१३९८५३६</td><td>१९८८७६४१</td><td>५%</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>८७९१२०००</td><td>७४९५१७११</td><td>१९%</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४८८४५५१३०.७१</td><td>४०२१८२२८७.३२</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४३ प्रतिशत र संस्थागत विकास,सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ५ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहितका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कर्मचारी करारः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३६ जना कर्मचारीहरु करारमा राखि रु. ९२,५५,०००/- खर्च लेखेको छ । सोही ऐनको २०७४ को दफा ८३(८) ले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक प्राविधिक</td><td>५,२५९,९८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सहायक, सहायक चौथो/पाँचौ, स्वास्थ्य लगायत विभिन्न १० पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु. ५२,५९,९८०/- भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कल्याण कोषः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कोष संचालन सम्बन्धी कुनै व्यवस्था गरेको देखिएन । नियमानुसार कोष व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ताः<br><br>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र उपदफा (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले सो बेगर निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको अनियमित रु.
<table>
<tr><th>सि.नं.</th><th>पद</th><th>नाम/थर</th><th>प्रोत्साहन रकम</th><th>कर कट्टी</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>1.</td><td>अधिकृत छैटौ</td><td>दान बहादुर विष्ट</td><td>५४०००</td><td>८१००</td><td>५४९००</td></tr>
<tr><td>2.</td><td>लेखा अधिकृत</td><td>गणेश ऐडी</td><td>५४०००</td><td>८१००</td><td>५४९००</td></tr>
<tr><td>3.</td><td>लेखा सहायक</td><td>जितेन्द्र रावत</td><td>५४०००</td><td>८१००</td><td>५४९००</td></tr>
<tr><td>4.</td><td>आ. ले. प. सहायक</td><td>प्रकाश न्यौपाने</td><td>५४०००</td><td>८१००</td><td>५४९००</td></tr>
<tr><td>5.</td><td>कम्प्युटर अपरेटर</td><td>खिम बहादुर रोकाया</td><td>५४०००</td><td>८१००</td><td>५४९००</td></tr>
</table></td><td>२२९,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** — **२७००००** — **४०५००** — **२२९५००** | |
| २३ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२ करोड २३ लाख १७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेकोमा बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित, प्रतिस्पर्धी एवं प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २४ | | | **अनुदानको अनुगमनः**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २५ | | | **कर कट्टि दाखिला नभएको**<br><br>नगरपालिकाको सुत्रको म ले प फा नं २७२ अनुसार कट्टि भएको रकम रु.५३०९५।०० दाखिला गर्न वाँकी देखिएकोले उक्त रकम राजस्व दाखिला गरि सोको प्रमाण पेश हुनुपर्ने रु | ५३,०९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **सम्पत्ति हस्तान्तरण :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख एवं जिन्सी लगत तयार गरी प्रतिबेदन गर्नुपर्ने व्यवस्था सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको छैन । कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी तोकी सहायक खाता व्यवस्थित गरेको छैन ।खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| २७ | | | **बजेट सीमा निर्धारण समिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| २८ | | | **अनुदान फिर्ताः**<br><br>✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.१५,७४,३३५ ।- सम्परीक्षण गरिएको ।)*** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **कार्य प्रगति तथा निकासाः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १९ उपदफा २ मा स्वीकृत बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ । पालिकाले यस वर्ष प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम संचालनको लागि रु ३ करोड ८६ लाख ५५ हजार बजेट स्वीकृत भएकोमा स्वीकृत कार्यक्रम संचालन गर्न समयमा उपभोक्ता समितिलाई परिचालन गर्न नसकि लक्ष्य अनुसार निकासा लिई खर्च गरेको देखिएन । आर्थिक वर्षको अन्त्यमा निकासा लिएको रु १ करोड ४९ लाख ६२ हजार मध्ये रु ३१ लाख ७३ हजार मात्र खर्च गरी बाकी रकम पालिकाको सम्बन्धित कोषमा मौज्दात राखेको छ । स्वीकृत कार्यक्रम संचालन गर्न ढिलाई गरी अन्तिम समयमा बिल पेश गरेको कारण भुक्तानी हुन नसकी रु १ करोड ६ लाख ३ हजार ४०० सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्ने गरी बिल भरपाई पेश भएपनि दायित्व प्रमाणि गराई राखेको छैन । सालबसाली रुपमा संचालन भएका यस्ता कार्यक्रम समयमा सम्पन्न नगरी दायित्व सिर्जना गर्ने कार्य नियम सम्मत नदेखिएकोले तोकिएको समयमा रकम खर्च गर्ने कार्यमा सुधार गरी मौज्दात रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ बमोजिम अविलम्ब रु. १०६०४१००।०० फिर्ता गरी हिसाब मिलान गर्नुपर्ने रु | १०,६०४,१०० |
| ३० | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**<br><br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । त्यस्तै पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु को साथै सोको अभिलेख राख्नु पर्नेमा त्यस्तो अभिलेख राखेको देखिएन । | |
| ३१ | | | **सवारीसाधन खरिदः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ६ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.१७,०७,४००.०० बजेटबाट खर्च गरेको छ । आन्तरिक आम्दानी बेगर सवारी साधन लगायत विलासिताका वस्तुको लगानीमा पुनर्विचार गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>६</td><td>१७०७४००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>धरौटी फिर्ताः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ बमोजिम कट्टा भएको धरौटी फिर्ता दिदा कर चुक्ता एवं मूल्य समायोजन प्रमाण संलग्न गरी भुक्तानी दिनुपर्नेमा आशापूर्ण निर्माण सेवाको रु ३८,७२४/- र चनु निर्माण सेवाको रु ३३,५००/- धरौटी फिर्ता गर्दा कर समायोजन प्रमाण संलग्न नगरेकोले आवश्यक प्रमाण पेश हुनुपर्ने रु</td><td>७२,२२४</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>पेश्की बाँकी :<br><br>निम्न निर्माण उपभोक्ता समितिलाई दिएको पेश्की रकम सम्झौता समाप्त भई आर्थिक वर्षको अन्त्यमा पनि फर्छ्यौट नभएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(५) अनुसार फर्छ्यौट गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>सि.नं.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>कर्मचारी भए पद</th><th>म्याद नाघेको</th><th>म्याद ननाघेको</th><th></th></tr>
<tr><td>१</td><td>कार्यक्रमखर्च</td><td>नर बहादुरबुढा</td><td>नायवसुब्बा</td><td>२,५०,०००</td><td>०</td><td></td></tr>
<tr><td>२</td><td>कार्यक्रमखर्च</td><td>दान बहादुरशाही</td><td>नायवसुब्बा</td><td>१,००,०००</td><td></td><td></td></tr>
</table></td><td>२,७७९,८६५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | गाउँसभासंचालन तथा बजेट तर्जुमा खर्च | दान बहादुरशाही | नायवसुब्बा | १,००,००० | | |
| ४ | कृषिक्षेत्र विकास कार्यक्रम | रुपक बुढा | प्राविधिकसहायक | १,५०,००० | | |
| ५ | वडावस्तुगत विवरण निर्माण | नरेन्द्रभण्डारी | सहायकपाँचौ | १,५०,००० | | |
| जम्मा | | | | ७,५०,००० | | |
| | निर्माण व्यवसायी | | | | | |
| १ | संघियसमपुरक कोष | महत एण्डबुढाथोकी कन्स्ट्रक्सन | | | ६,०५,००० | |
| २ | प्रदेशसमपुरक कोष | देव एण्डसायर / पुष्प जे.भि. | | | २४,००,००० | |
| जम्मा | | | | | ३००५००० | |
| | संस्थागत | | | | | |
| १ | कार्यक्रमखर्च | राष्ट्रियलोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल | अध्यक्ष | ४५,००० | ० | |
| २ | अध्यक्षविकास कोष (भैपरी आउने पूँजिगत खर्च) | श्रीआधारभूत विद्यालय छुमचौर | | (१,३०,०००) | ० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>शंकर आ विभवन निर्माण पातारासी ५</td><td>श्री शंकरमाध्यमिक विद्यालय</td><td></td><td>४,६५,०००</td><td>०</td><td></td></tr>
<tr><td>४</td><td>गाईबारा ,घट्टेखोला झो.पु., धोवारा ट्रस, धट्टेखोला लोप्रा झो.पु, पातारासी गाउँपालिका, जुम्ला</td><td>गाइबारास्टील ट्रस पुल निर्माण उपभोक्ता समिति</td><td></td><td>३,०७,२९५</td><td>०</td><td></td></tr>
<tr><td>५</td><td>गाईबारा ,घट्टेखोला झो.पु., धोवारा ट्रस, धट्टेखोला लोप्रा झो.पु, पातारासी गाउँपालिका, जुम्ला</td><td>घट्टेखोलास्टील ट्रस पुल निर्माण उपभोक्ता समिति</td><td></td><td>३,४४,५७०</td><td>०</td><td></td></tr>
<tr><td>६</td><td>महारुद्र भवन निर्माण पटमारा पातारासी ७</td><td>महारुद्रभवन निर्माण उपवभोक्ता समिति</td><td></td><td>४,६५,०००</td><td>०</td><td></td></tr>
<tr><td>७</td><td>कुलदेव चौरसिचाई योजना रिनी पातारासी</td><td>कुलदेव चौरसिचाई निर्माण योजना</td><td></td><td>४,०३,०००</td><td>०</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१५,१९,८६५</td><td>०</td><td></td></tr>
<tr><td colspan="4">कुलजम्मा</td><td>२७,७९,८६५</td><td>३०,०५,०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>कार्य विवरण विपरित कार्यः</td><td>७२३,३९४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सरकारी तलव भत्ता भुक्तानी पाउने कर्मचारी पदाधिकारीले नियुक्त भएको सेवा तथा कार्य विवरण अनुसारको कार्य सम्पादन गर्नुपर्दछ । पालिकाको शिक्षा शाखामा शिक्षा सेवाका कर्मचारी हुदा हुदै महादेव आधारभुत विद्यालयका शिक्षक जगत वहादुर शाहीको सट्टा करारमा शिक्षक राखी निजलाई पालिकाको शिक्षा शाखामा कार्य गराएको देखिएको साथै पदिय जिम्मेवारी अनुसार कार्य नगरी उक्त कार्यको लागि शिक्षक राखी रु ७,२३,३९४।०० भुक्तानी गरेको देखिएकोले निजलाई सम्वन्धित विद्यालयमा खटाई थप व्ययभार परेको रकम जिम्मेवार व्यक्तिबाट असुल हुनुपर्ने रु | |
| ३५ | | | **शिर्षक फरक परी खर्च लेखेकोः**<br><br>आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(क) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शिर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने उल्लेख छ । निम्न गोश्वारा भौचरबाट शिर्षक फरक पारी खर्च लेखेको हुँदा उक्त खर्च रकम नियम सम्मत नदेखिएको रु. | ६९१,९०० |

| शिक्षकको नाम | मासिक तलव | ग्रेड | प्राविधिक ग्रेड | जम्मा तलव | थप संचय कोष तथा विमा | बार्षिक भुक्तानी (पोशाक तथा चाडपर्व समेत) |
|---|---|---|---|---|---|---|
| जगत वहादुर शाही | ३७९९० | ७६०२ | २५३४ | ४८१२६ | ५२१२ | ७२३३९४ |

| **गो.भौ.नं र मिती** | **विवरण** | **खर्च लेखेको शिर्षक** | **लेखु पर्ने शिर्षक** | **रकम** |
|---|---|---|---|---|
| ११७-०७८।९।२९ | मोटरसाइकल खरिद | महिला तथा बालबालिका | पुजिगत | २७६९०० |
| ४०९-०७९।०३।२० | आलु पकेट कार्यक्रम | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार | कृषक लक्षीत कार्यक्रम | ४१५००० |
| | **जम्मा** | | | ६९१९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **सवारी तथा यातायात सुविधाः**<br><br>कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ मा अनुसुचि १ बमोजिम इन्धन सुविधा उपलब्ध गरान सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष मासिक सुविधा भुक्तान गर्दा इन्धन शिर्षकमा देहायका पदाधिकारीलाइ दिएको रु. ९५५५०.०० ऐन विपरित भएको हुदा असुल गर्नुपर्ने रु. | ९५,५५० |

| सि न | पद | पदाधिकारी | १ महिनाको इन्धन सुविधा | ३ महिनाको इन्धन सुविधा |
|---|---|---|---|---|
| | अध्यक्ष | लक्ष्मिमन बोहोरा | ८७५० | २६२५० |
| | उपाध्यक्ष | पुन्नकली बोहोरा | ८४०० | २५२०० |
| | वडा सदस्या | दत्त बहादुर बुढा | २१०० | ६३०० |
| | वडा सदस्या | वृषराम बोहोरा | २१०० | ६३०० |
| | वडा सदस्या | कर्ण बहादुर बोहारा | २१०० | ६३०० |
| | वडा सदस्या | कालि बहादुर रावल | २१०० | ६३०० |
| | वडा सदस्या | डिल बहादुर बुढा | २१०० | ६३०० |
| | वडा सदस्या | लाल बहादुर बुढा | २१०० | ६३०० |
| | वडा सदस्या | धन बहादुर थापा | २१०० | ६३०० |
| | **जम्मा** | | **३१८५०** | **९५५५०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **सामाजिक परिचालकः**<br><br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७४।७५/च. न. ४० (२०७४।१२।१३) को परिपत्रको वुदा नं ४ मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयां व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालकका रुपमा नियुक्त नगर्ने, ०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागी कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ । तर पालिकाले यस वर्ष ७ जना सामाजिक परिचालकलाई मासिक रु १७,०००/- का दरले रु. १५,४७,०००। भुक्तानी गरेको छ। सामाजिक परिचालक राख्न नपाउने व्यवस्था विपरित सामाजिक परिचालकलाई भुक्तानी भएको अनियमित रु | १,५४७,००० |
| ३८ | | | **वडाबाट कर्मचारी नियुक्तीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । सोही ऐनको २०७४ को दफा ८३(८) ले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाको वडा नं ६ मा १ जना करार कर्मचारी नियुक्ति गरी रु १,०४,०००/- भुक्तानी गरेको छ । स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्ती दिने पदाधिकारीलाई कारवाही गरी तलब खर्च लेखेको रकम नियुक्ती दिने पदाधिकारीबाट असुल गर्नुपर्ने रु | १०४,००० |
| ३९ | | | **भ्रमण खर्च :**<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्‌देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ४० | | | **एम्बुलेन्सको खर्चः**<br><br>सवारी साधन नविकरण गर्दा नविकर दस्तुर सँगै तेस्रो पक्ष विमा पनि गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको एम्बुलेन्स २०७८।११।२९ मा गुरास गाउँपालिका दैलेख तालपोखरीमा मोटरसाइकलसँग ठक्कर हुदा घाइते भएका गोविन्द बहादुर साउतलाई उपचार वापत रकम भुक्तानी गर्दा तेस्रो पक्ष विमा दावि मार्फत भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाबाट रु २,००,०००/- रकम भुक्तानि गरेको नियमसँगत नदेखिएकोले विमा दावि गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | २००,००० |
| ४१ | | | **गत बर्षको दायित्वः**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले आर्थिक वर्ष २०७७/७८ को पुरानो भुक्तानी गर्न बाँकि रकम यस वर्ष देहाय बमोजिम भुक्तानी गरेको छ । भुक्तानी गर्न नपुग भएको रकम सोही समयमा प्रमाणित गरी नराखेको साथै सम्बन्धीत वर्षमा भुक्तानी गर्न रकम नपुग भएको आधार प्रमाण माण बेगर भुक्तानी गरेकोले अनियिमत देखएको रु.<br><table><tr><td>गो.भौ.नं.</td><td>विवरण</td><td>आर्थिक वर्ष</td><td>भुक्तानी रकम</td></tr><tr><td>४७-०७८।७।१७</td><td>कार्यपालिका वैठक</td><td>२०७७/७८</td><td>२५९०००</td></tr></table> | ४०१,५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>४८-२०७८|७|१७</td><td>विषयगत समितिको वैठक</td><td>२०७७/७८</td><td>१४२५००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>४०१५००</td></tr></table></td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>स्वकीय सचिव:<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । गाउँपालिका अध्यक्षको स्वकीय सचिवका रुपमा खरिदार स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री धनलाल बुढा लाई नियुक्त गरी मासिक रु. २६,६१०/- का दरले रु. ३,४५,०००/- भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु</td><td>३४५,०००</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>आर्थिक सहायताः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. १४,६५,०००। विपन्न नागरी उपचार सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने मापदण्ड र कार्यविधि निर्धारण गरी आर्थिक सहायता व्यवस्थित एवं नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>खाना तथा विविध खर्चः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३५,९०,०००। खर्च गरेको छ ।विविध खर्चमा मितव्ययीता ल्याई स्वीकृत कार्यविधि अनुसार खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>पदाधिकारीलाई प्रोत्साहन भत्ताः</td><td>१९१,२५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । स्थानीय तहले यो बर्ष निम्नानुसार अनुगमन समितिलाई प्रोत्साहन भत्ता बापत खर्च गरेको रु. १,९१,२५०/- ऐन विपरित भएकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | पद | नाम/थर | अनुगमन भत्ता | कर कट्टी | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| 1. | संयोजक | पन्नकली महतारा | ४५००० | ६७५० | ३८२५० |
| 2. | सदस्य | टेक बहादुर बुढ्थापा | ४५००० | ६७५० | ३८२५० |
| 3. | सदस्य सचिव | दान बहादुर शाही | ४५००० | ६७५० | ३८२५० |
| 4. | सदस्य | जालकला बुढा | ४५००० | ६७५० | ३८२५० |
| 5. | सदस्य | पानकली नेपाली | ४५००० | ६७५० | ३८२५० |
| | **जम्मा** | | **२२५०००** | **३३७५०** | **१९१२५०** |

</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**स्थानीय तहका पदाधिकारी सुविधा :**

कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ मा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ४८,०९,०००/- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ७ जना | कार्यपालिकसदस्य ७ जना | सभाका सदस्य १६ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन खर्च | १८०००० | १४४००० | ६७२००० | ४६२००० | ३८४००० | १८४२००० |

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>टेलिफोन, मोबाइल</td><td>३६०००</td><td>३६०००</td><td>२५२०००</td><td>८४०००</td><td>१९२०००</td><td>६०००००</td></tr>
<tr><td>३</td><td>पुस्तक, पत्रीका, ईन्टरनेट</td><td>३६०००</td><td>३६०००</td><td>२५२०००</td><td>८४०००</td><td>९६०००</td><td>५०४०००</td></tr>
<tr><td>४</td><td>विद्युत तथा उर्जा</td><td>३६०००</td><td>३६०००</td><td>८४०००</td><td>८४०००</td><td>९६०००</td><td>३३६०००</td></tr>
<tr><td>५</td><td>अतिथि सत्कार</td><td>६००००</td><td>४८०००</td><td>३३६०००</td><td>८४०००</td><td>१९२०००</td><td>७२००००</td></tr>
<tr><td>६</td><td>खानेपानी/ सरसफाई</td><td>४८०००</td><td>३६०००</td><td>८४०००</td><td>८४०००</td><td>९६०००</td><td>३४८०००</td></tr>
<tr><td>७</td><td>चाडपर्व खर्च</td><td>१५०००</td><td>१५०००</td><td>१०५०००</td><td>८४०००</td><td>२४००००</td><td>४५९०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४११०००</td><td>३५१०००</td><td>१७८५०००</td><td>९६६०००</td><td>१२९६०००</td><td>४८०९०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>ग्याँस चुल्हो सिलिन्डर वितरण कार्यक्रमः<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट काम गराउँदा मितव्ययि, गुणस्तियता, दीगोपना अभिवृद्धि हुने भएमा र रोजगारी सृजना गर्ने भएमा त्यस्तो कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । ग्याँस चुलो वितरण उपभोक्ता समिति वडा नं ५ संग आर्थिक वर्ष भित्र काम सम्पन्न गर्ने गरी २०७९ को संझौताअनुसार १३० सेट पार्टस, सिलिण्डर, ग्यास समेतको लागि रु. ९३९९८०। भुक्तानी भएको छ । सामानको स्पेशिफिकेशन र गुणस्तर नतोकी प्रतिस्पर्धा बेगर उपभोक्ता समितिबाट भएको खरिद नियमसम्मत देखिएन । वितरणमुखी कार्यमा खर्च गरेको अनियमित रु.</td><td>९३९,९८०</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>पाइप खरिदः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च प्रमाणित गर्ने विलभरपाई राखेर मात्र खर्च गर्नुपर्नेमा मर्मत सम्भार कोषबाट रु ३८७८१ को पाइप खरिद गरेको बिल संलग्न गरेपनि उक्त पाइप क्षतिको कारण र माग निबेदन</td><td>३८,७८१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समेत संलग्न नभएबाट उक्त क्षति गर्ने व्यक्ति/संस्था/ निकायको माग उपयुक्त नदेखिएकोले अप्राकृतिक क्षति रकम कोषबाट खर्च लेख्न मिल्ने नदेखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु | |
| ४९ | | | **सव कन्ट्याक्टर वाट कार्य गराएकोः**<br><br>पातारासी गाँउपालिका सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १०७(११) अनुसार उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट गराउने सुचना प्राप्त भएपछि समितिसँग सम्झौता तोडी वाँकी ऐन र नियमावली अनुसार गराउनुपर्ने उल्लेख छ । पालिकाले निम्न उपभोक्ता समितिलाई दिएको कार्यको लागत अनुमान शत प्रतिशत मेसिनवाट गर्ने गरि तयार गरेको र उपभोक्ताले उक्त कार्य निर्माण व्यवसायीवाट गराई कर विजक पेश देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरित पालिकाको सहमतिमा भएको देखिएको जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाउनुपर्दछ ।साथै नियमावली विपरित भएको कार्य नियम सम्मत नदेखिएको रु | ४,७२२,६०० |

| भौ नं र मिति | निर्माण योजना | निर्माण व्यवसायी | लागत अनुमान | मुल्यांकन | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| २०९-०७९।३।२१ | खालाढीक देखी हुरी सम्म सडक मर्मत | प्रतिक निर्माण सेवा | ४००१३५ | ३६५८२९ | ३४९६०० | गा पा पुजीगत |
| २०९-०७९।३।२१ | घट्टेखोला देखि कुलोउतर्ना सम्म ग्रामिण सडक निर्माण | चन्द्र निर्माण सेवा | १७०२७७ | १६९५००० | १४४०००० | गा पा पुजीगत |
| ४९-०७९।३।२६ | पेरे देखि देवस्थल जाने वाटो निर्माण | प्रसान्त निर्माण सेवा | ३४४९३३६ | | २८३३००० | शसर्त पुजीगत |
| | जम्मा | | | | ४७२२६०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>
सोझै खरिदः<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारि खरिद गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.२० लाख वा सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले उर्थु पेरे चोत्रा हुदै डोल्पा जाने सडक स्तरवृद्धि गर्न एउटै सडकमा ६ वटा कोटेशनवाट कार्य गराई रु. ३०१३०८३।०० भुक्तानी गरेको छ । यसरी वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा वेगर काम टुक्रा पारि खरिद गरेको नियम सम्मत नदेखिएको रु
<table>
<tr><td>भौचर नं र मिति</td><td>योजनाको नाम</td><td>निर्माण व्यवसायी</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>८७-२०७९।१।५</td><td>उर्थु पेरे सडक मर्मत</td><td>चन्द्र निर्माण सेवा</td><td>५२४४३०</td></tr>
<tr><td>९८-२०७९।१।२३</td><td>उर्थु पेरे चोत्रा हुदै डोल्पा जाने सडक</td><td>पदम निर्माण सेवा</td><td>४९७८२६</td></tr>
<tr><td>९९-२०७९।१।२३</td><td>उर्थु पेरे चोत्रा हुदै डोल्पा जाने सडक</td><td>वि वि टि विल्डर्स</td><td>४९९४२१</td></tr>
<tr><td>१००-२०७९।१।२३</td><td>उर्थु पेरे चोत्रा हुदै डोल्पा जाने सडक</td><td>कालिका निर्माण सेवा</td><td>४९६२२२</td></tr>
<tr><td>१०१-२०७९।१।२३</td><td>उर्थु पेरे चोत्रा हुदै डोल्पा जाने सडक</td><td>त्रिमुर्ति निर्माण कन्स्ट्रक्सन</td><td>४९८७७२</td></tr>
<tr><td>१०२-२०७९।१।२३</td><td>उर्थु पेरे चोत्रा हुदै डोल्पा जाने सडक</td><td>मेलिना एण्ड मिलन निर्माण सेवा</td><td>४९६४१२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३०१३०८३</td></tr>
</table>
</td><td>३,०१३,०८३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **डीपीआर खर्चः**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><table><tr><td>कार्य विवरण</td><td>परामर्शदाता</td><td>खर्च रकम</td><td>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</td></tr><tr><td>पर्यटन प्रवद्धन तथा पर्यटन गुरु योजना</td><td>एक्सिस इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट सर्भिसेज</td><td>९९८९००</td><td>१४९१४१८०२</td></tr><tr><td>चौर गाउ लिफ्ट सिचाइ निर्माण</td><td></td><td>४९८०००</td><td>२३३६४५४८</td></tr><tr><td>Tourm Development Master plan</td><td>Complex study & research centre pvt ltd</td><td>७७७०००</td><td></td></tr><tr><td>जम्मा:</td><td></td><td>२२७३९००</td><td></td></tr></table>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ५२ | | | **निर्माण कार्यको अनुगमनः**<br><br>गाँउपालिकाले निर्माण अनुगमन सम्वन्धि निर्देशिका बमोजिम निर्माण कार्य सम्पन्न भए पश्चात उक्त कार्यको फोटो सहित मुल्याङ्कन पेश हुनु पर्दछ । पालिकाले संचालन गरेको निम्न योजनाहरु परिक्षण गर्दा सो योजना निर्माण भएको देखिने फोटो पेश भएको नदेखिएकोले पालिकाले तोकेको प्रकृया अनुसार फोटो पेश गर्न लगाई योजना अनुगमन गर्ने पदाधिकारी तथा प्राविधिकलाई जिम्मेवार बनाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ नं र मिति</td><td>योजनाको नाम</td><td>लागत अनुमान</td><td>भुक्तानी</td></tr>
<tr><td>१११-०७९।२।१२</td><td>उर्थु तलफी हुरी महरी सडक मर्मत</td><td>७६७७७९</td><td>७०००००</td></tr>
<tr><td>११२-०७९।२।१२</td><td>उर्थु बाँता पटमारा सडक मर्मत</td><td>७७७५३०</td><td>७१९०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
रितपूर्बकको कर बिजकः<br><br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले रित पूर्कको कर बिजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.४,०१,८३८.०० समेत रु.३४,९२,०००.०० समान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>६२।०७८।१२।१७</td><td>जागृत निर्माण सेवा</td><td>३०४७३०४२९</td><td>विजक नं ९ हातले लेखेको</td><td>२७१५०००</td><td>३१२३५९</td></tr>
<tr><td>२३६-२०७९।३।२५</td><td>Complex study & research centre pvt ltd</td><td>६०६७५८४७९</td><td>विजक नं ७ हातले लेखेको</td><td>७७७०००</td><td>८९४७९</td></tr>
<tr><td>१०१_०७९।१।२३</td><td>त्रिमुर्ति निर्माण कन्सट्रक्सन</td><td>६०१३४९९८०</td><td>विजक नम्बर नभएको</td><td>४९८७७२</td><td>५७३८०</td></tr>
<tr><td>१०१</td><td>उर्थु पेरे चोत्रा हुदै डोल्पा जोड्ने सडक</td><td>६०१३४९९८०</td><td>विजक नं ८ हातले लेखेको</td><td>४९८७७२</td><td>५७३८०</td></tr>
</table>
</td><td>५१६,५९८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४४८९५४४</td><td>५१६५९८</td></tr></table></td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>सार्वजनिक परीक्षणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदनः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख :<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत के कति कट्टी गरेको हो सो को अभिलेख नभएकोले सोको अधिलेख खडा गरी राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>विमा नगराएकोः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पातारासी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२१ वमोजिम दश लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले अनिवार्य विमा गर्नुपर्नेमा पालिकाले संचालन गरेको निर्माण कार्यको वि ओ क्यू मा विमाको व्यवस्था गरेता पनि विमा गरेको देखिएन । निर्माण कार्यको विमा नगर्दा भविष्यमा आउन सक्ने भवितव्यवाट हुने क्षतिको क्षतिपुर्ती गर्न नसकिने भएकोले पालिकाले यस तर्फ ध्यान दिनुपर्दछ । विमा नभएका केहि निर्माण सम्झौता यस प्रकारका छन ।
<table>
<tr><th>भौ नं र मिति</th><th>योजनाको नाम</th><th>लगत अनुमान</th><th>निर्माण व्यवसायी</th><th>ठेक्का रकम</th></tr>
<tr><td>३।०७८।६।१०</td><td>उर्थु वाता लोर्पा हुदै लुम जोड्ने सडक</td><td>१०५९४०९७</td><td>जागृति निर्माण सेवा</td><td>३२४८२५६</td></tr>
<tr><td>५।०७८।७।१४</td><td>छुम ज्यूलो संरक्षण तथा संवर्द्धन</td><td>३०६६५०४७</td><td>पाँचपोखरी । जट्टेश्वर जे भि</td><td>२५७५९४८४</td></tr>
<tr><td>२३।०७८।२२</td><td>चौर खोला देवी हुरी महरी सडक</td><td>१२४९०७४८</td><td>महत एण्ड वुढाथोकी निर्माण सेवा</td><td>११६६९७७२</td></tr>
<tr><td>शसर्त ५।०७८।७।१५</td><td>उर्धु वाता लार्पा लुम जोड्ने सडक</td><td>१९९९४८७०</td><td>आशापूर्ण निर्माण सेवा</td><td>७३०४७०५</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>गुणस्तर परीक्षणः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>लोर्पा पक्कि पुल निर्माणः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लोर्पा पक्कि पुल निर्माण गर्न लागत अनुमान रु.३९२१००२६।३९ भएकोमा उक्त कार्य न्यून कवोल गर्ने देव एण्ड सायर । पुष्पा जे.भि. सँग रु.३६५९१७०४।८४ मा काम गर्ने गरि मिति २०७८।११।०३ मा सम्झौता भएकोमा सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ५९.१ | | | कार्य सम्पादन जमानत पेश नभएकोः - सार्वजनिक खरिद ऐन २०६३ दो दफा २७(४) अनुसार बोलपत्र स्वीकृत गर्दा बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्नुपर्दछ । पालिकाले पुल निर्माण गर्न निर्माण व्यवसायी सँग भएको सम्झौताको फाइल परिक्षण गर्दा कार्य सम्पादन जमानत नदेखिएकोले उक्त सम्झौताको कार्य सम्पादन पेश हुनुपर्ने अन्यथा उक्त सम्झौता रकमको ५ प्रतिशत रकम रु. १८,२९,५८५।०० असूल हुनुपर्ने रु | १,८२९,५८५ |
| ५९.२ | | | पेश्की जमानत - पातारासी गाँउपालिका सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १०२(१) अनुसार गाँउपालिकाले आपुर्तिकर्तालाई खरिद सम्झौता भएपछि पेश्की दिदा पेश्की रकम खाम्ने गरी वाणिज्य बैंकबाट जारि भएको र कम्तीमा सात महिनाको मान्य अवधि भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने उल्लेख छ । पालिकाले लोर्पा पक्कि पुल निर्माण गर्न निर्माण व्यवसायी देव एण्ड सायर । पुष्पा जेभि लाई कृषि विकास वैंकको जमानत रु.२४,००,०००।०० लिई पेश्की दिएकोमा उक्त पेश्की जमानतको म्याद २०७९।५।१ मा नै समाप्त भए पनि पेश्की फर्छ्यौट भएको नदेखिएकोले पेश्की जमानत पेश हुनुपर्ने रु. | २,४००,००० |
| ५९.३ | | | कार्य प्रगती - निर्माण व्यवसायीले सम्झौताको बखत तोकिएकोको समय तालिका अनुसार कार्य प्रगति गरेको विवरण पेश हुनुपर्दछ । तर उक्त निर्माण कार्यको कार्य प्रगति work schedule मा तोके अनुसार भएको नदेखिएकोले सो सम्वन्धमा कार्यालयले पहल गर्नुपर्ने देखिन्छ । | |
| ६० | १६० | २०७९-३-१९ | **प्राविधिक नापजाँचः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले बाता ढल निकास योजनाको लागत अनुमान रु.९८१४८५।०० भएकोमा निर्माण कार्यको मुल्यांकन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.८,५१,३५८।०० मध्ये पालिकावाट उपभोक्ता समितिलाई PCC (१:२:४ M १५ PCC work) को रु. ६,८९,५६६।०० भुक्तानी गरेको पेश गरेको फोटोमा उक्त काम भएको नदेखिएकोले उक्त कार्य भएको एकिन गर्न सकिएन ।प्राविधिकबाट थप पुष्ट्याई हुनुपर्दछ । | |
| ६१ | ४१९ | २०७९-३-२० | **गधा खरिदः**<br><br>प्रजननयोग्य गधा आधिकारिक फर्म, अनुसन्धान केन्द्र वा सरकारी मान्यता प्राप्त घोषित श्रोत केन्द्रबाट तोकिएको मूल्यमा खरिद गर्नुपर्ने प्रावधान रहेकोमा लाभग्राहिलाई ३ गधा रु. ४,२०,०००/- मा खरिद गरी शतप्रतिशत अनुदानमा वितरण गरेको देखियो। जिल्ला दररेटमा प्रतिगधा रु ६०,०००/- भएकोमा पालिकाले सो दररेट भन्दा बढी प्रतिगधा रु १,४०,०००/- मा खरिद गरी वितरण गरेको छ। आधिकारीक श्रोत केन्द्रबाट खरिद गर्नुपर्नेमा नगरेको, स्वास्थ्य परिक्षण नगराएको एवं लाभग्राहिको लागत सहभागिता नरहेको देखियो । यसरी जिल्ला दररेट भन्दा रु २,४०,००० /- वढी व्ययाभार पारेको रकम असुल हुनुपर्ने रु. | २४०,००० |
| ६२ | ३ | २०७८-७-१० | **उर्थु वाँत लोर्पा हुदै लुम जोड्ने सडक (समानिकरण):**<br><br>:<br><br>उर्थु वाँत लोर्पा हुदै लुम जोड्ने सडक सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ती तिर्नुपर्ने उल्लेख छ । पालिकाले उर्थु वाँता लोर्पा हुदै लुम जोड्ने सडक निर्माण गर्न निर्माण व्यवसायी जागृती निर्माण सेवासँग मिति २०७८।३।९ मा सम्झौता गरि कार्य गराएकोमा सम्पन्न गर्नुपर्ने अन्तिम म्याद २०७८।३।२२ रहेकोमा निर्माण व्यवसायीले उक्त कार्यको कार्य सम्पन्न गरि अन्तिम मुल्यांकन तथा भुक्तानी माग २०७८।०६।१५ मा गरेको पत्र पेश भएको देखिन्छ तर पालिकावाट म्याद थप भएको नदेखिएकोले तोकिएको म्याद भन्दा ८५ दिन ढिलो कार्य सम्पन्न भएको देखिएकोले सम्झौता रकम रु ३२,४८,२५६।५० को प्रतिदिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ती वापत रु १,५४,९२६।०० असूल हुनुपर्ने रु | १५४,९२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **छुम ज्यूलो संरक्षण तथा संवर्द्धनः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट ढुङ्गा लगायतका निर्माण सामग्रीको दरभाउ निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्दछ । छुम ज्यूलो संरक्षण तथा संवर्द्धन गर्नका लागि उक्त क्षेत्रको घेरावार निर्माण गर्ने लागत अनुमान रु.२,२७,२६,६२२।००(मू अ कर वाहेक) रहेको वोलपत्रमा न्यून कवोल गर्ने पाँचपोखरी - जटेश्वर जे.भि. सँग रु.२,६७,८९,८६३।९७ मा कार्य गर्ने गरि मिति २०७८।०३।१४ मा सम्झौता भएको देखिन्छ । उक्त निर्माणको हालसम्म रु.७६,८६,६००।०० भुक्तानी भएको छ ।<br>• उक्त निर्माण कार्यको दररेट पालिकाले तोकेको एकमुष्ट दररेटको आधारमा तयार पारेको छ । पालिकाले तयार गरेको निर्माणको दर विश्लेषणमा सामग्रीको खरिद एवै ढुवानी समेतको दर राखी तयार पारेको छ । तर उक्त निर्माण कार्यको स्थलगत अनुगमनमा निर्माणको लागि आवश्यक पर्ने ढुंगा निर्माण व्यवसायीले संगै रहेको सार्वजनिक डाँडावाट निकालेको देखिएकोले सो सम्वन्धमा निर्माण व्यवसायीले उक्त सार्वजनिक स्थानवाट ढुंगा निकाल्ने स्वीकृत लिएको नदेखिनुको साथै पालिकाले तयार गरेको लागत अनुमानमा समेत उक्त स्थानवाटै ढुंगा निकाल्ने भन्ने उल्लेख तथा सोही अनुसारको लागत अनुमान तयार गरेको नदेखिएकोले सो सम्वन्धमा छानविन गरी बढी भुक्तानी हुने रकम असुल गर्नुपर्दछ । | |
| ६४ | | | **उर्थु बाँता तोर्पा हुदै लुम जोड्ने सडक(म्याचिङ फन्ड):**<br><br>पालिकाले म्याचिङ फन्ड मार्फत लागत अनुमान रु २४१६८७३४।८७ भएको वाटोको इ विड मार्फत भएको बोलपत्रमा ११ वटा वोलपत्र दर्ता भएकोमा जागृत निर्माण सेवा न्यून कवोल गरेको रु ११८५३००६।३८ स्वीकृत भएकोमा सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ६४.१ | ६२ | २०७८-१२-१७ | विमाको विल पेश नभएको - अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (९) मा खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई विमा वापतको रकम रु.६३९९४।८८ भुक्तानी गर्दा विमा गरेको कागजात तथा विल विजक पेश नगरेकोले विमा गराएको भए प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असूल हुनुपर्ने रु | ६३,९९४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४.२ | | | कार्यसम्पादन जमानत - सार्वजकिक खरिद ऐन २०६३ को नियम ११० अनुसार निर्माण कार्यको कार्य सम्पादन जमानत निर्माण सम्पन्न गर्नुपर्ने अन्तिम अवधि पश्चात १३ महिना सम्मको हुनुपर्ने उल्लेख छ । पालिकाले उक्त सडकको निर्माण सम्पन्न म्याद २०७९।३।१५ रहेकोले कार्यस्मपादन जमानतको म्याद निर्माण सम्पन्न पश्चात १३ महिना अर्थात २०८०।४।१५ गते सम्म हुनुपर्नेमा २०७९।१०।२९ सम्म मात्रै भएको देखिएकोले थप अवधिको जमानत पेश हुनुपर्ने रु | ४,९३७,८५९ |
| ६५ | ३७ | २०७९-३-२४ | **ट्रस व्रिज निर्माणः**<br><br>सार्वाजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार खरिद सम्झौता वमोजिम निर्माण सम्पन्न भएको तीस दिन भित्र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने उल्लेख छ । पालिकाले ट्रस व्रिज निर्माण गर्न एस के इन्जिनियरिङ्ग इन्डस्ट्रिजसँग सम्झौता गरि स्टिल पार्ट्स खरिद गरेको छ ।उक्त व्रिजको निर्माण कार्य उपभोक्ता समितिमार्फत गर्ने भनि पालिकाले जनाएकोमा लेखापरीक्षण अवधि सम्म पनि निर्माण गरी पुल निर्माण सम्पन्न भएको नदेखिएकोले उक्त खरिदको कार्य सम्पन्न प्रमाण पेश हुनुपर्ने रु | २,७६२,१०० |
| ६६ | ३१ | २०७९-३-२० | **विद्यालयको ICT lab स्थापनाः**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.२.७.१३.१३ अनुसार विद्यालयमा शिक्षण सिकाइमा ICT को प्रयोग ( कम्प्यूटर इन्टरनेट कनेक्टिभिटि इक्यूपमेन्ट तथा किट खरिद) का लागि अनुदान वापत रु ६ लाख ५० हजार उपलब्ध गराउने उल्लेख छ । पालिकाले गंगा माध्यमिक विद्यालय पेरेलाई ICT स्थापना गर्न दिएको निकासावाट विद्यालयले जी पि स्टेशनरी एण्ड सप्लायर्सवाट ३ थान ल्यापटप र ४ थान डेक्सटप खरिद गरेको विल पेश गरेको देखिएको छ । विद्यालयमा ICT स्थापना गरि विद्यार्थीहरुलाई यस सम्वन्धि प्रयोगात्मक शिक्षण सिकाई गराउनुपर्नेमा ल्यापटप खरिद गरेको देखिएकोले ल्यापटप ल्यावमा नभई घरघरै लैजान सक्ने देखिन्छ । साथै ल्याव स्थापना गर्न कम्प्यूटर र ल्यापटप मात्र खरिद गरेको देखिन्छ भने त्यसको व्यवस्थापनका लागि आवश्यक अन्य सामाग्री खरिद भएको नदेखिएकोले उक्त विद्यालयमा ल्याव स्थापना भएको हो भन्ने पुष्टि हुने प्रमाण संलग्न गरी सोको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | ६५०,००० |
| ६७ | | | **चौरखोला देखी हुरी महरी सडक स्तरोन्नतीः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | चौरखोला देखी हुरी महरी सडक स्तरोन्नती गर्न लागत अनुमान रु १२४९०७४८।०० भएको निर्माण सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ६७.१ | | | बोलपत्र मुल्यांकन - बोलपत्रको प्रकृया पुरा गरि दर्ता भएको सम्पूर्ण बोलपत्रको मुल्याङ्कन गर्नुपर्दछ । यस योजनाको बोलपत्रमा ११ वटा बोलपत्र पेश भएकोमा ७ वटा वोलपत्रको मात्र मुल्यांकन गरेको देखिन्छ भने वाँकी ५ बोलपत्र साइट भिजिट नभएको भनि मुल्याँकनमा समावेश गरेको देखिएन । साइट निरिक्षण निर्माण व्यवसायीको स्वेच्छिक अधिकार भएकोले बोलपत्रमा समावेश नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई आवश्यक छानविन गरी ठेक्का प्रतिस्पर्धा सिमित गराएको सम्बन्धमा पालिकाबाट आवश्यक कारवाही गर्नुपर्दछ । | |
| ६७.२ | | | थप व्याभारः पातारासी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम ७०(६)\ मा बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित क्षेत्र गुणस्तर विशेषता शर्त कार्य सम्पादनमा वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भिर असर नपर्ने गाउँपालिकालाई स्वीकार्य सानातिना फरक भएका बोलपत्रहरुलाई सारभुत रुपमा प्रभावग्राही बोलपत्र मानिने उल्लेख छ । पालिकाले चौरखोला देखी हुरी महरी सडक स्तरोन्नती गर्न प्रस्ताव माग गरेकोमा विभिन्न ११ वटा बोलपत्र पेश भएकोमा न्यून कवोल गर्ने शिशिर निर्माण सेवाको रु ३९५२५२७।८४ साइट भिजिट नभएको भनि अस्विकृत गरि महत एण्ड बुढाथोकी निर्माण प्रा.लि. ले कबोल गरेको रु ११६६९७७२।८९ स्वीकृत गरेकोले पालिकाले रु ७७१७२४५।०५ थप व्ययभार परेको देखिन्छ । यसरी पालिकाको योजना निर्माणमा ठुलो प्रभाव नपार्ने किसिमको क्लज राखी बोलपत्रको मुल्यांकन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ । यसरी गलत निर्णयले गर्दा पालिकालाई थप व्ययभार पारेको देखिएको रु | ७,७१७,२४५.०५ |
| ६७.३ | | | पुर्व निर्धारित क्षतिपुर्ती - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ती तिर्नुपर्ने उल्लेख छ । पालिकाले चौरखोला देखी हुरी महरी सडक चौरखोला देखी हुरी महरी सडकको सम्पन्न गर्नुपर्ने अन्तिम म्याद २०७९।३।२१० रहेकोमा निर्माण व्यवसायीले उक्त कार्यको कार्य सम्पन्न गरि अन्तिम मुल्यांकन तथा भुक्तानी माग २०७९।०३।२३ मा गरेको पत्र पेश भएको देखिन्छ तर पालिकावाट म्याद थप भएको नदेखिएकोले तोकिएको म्याद भन्दा १२ दिन ढिलो कार्य सम्पन्न भएको देखिएकोले सम्झौता रकम रु. १,१६,६९,७७२।८९ को प्रतिदिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ती वापत रु. ७०,०१८/- असूल हुनुपर्ने रु | ७०,०१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७.४ | | | स्थलगत निरिक्षणकः - उक्त वाटोको स्थलगत अनुगमन गर्दा Drain र सडकको सतह नमिलेको कारण वर्षाको पानी सबै सडकमा बगेकोले बाटोको ग्राभेल वगाएको तथा केही ठाउँमा पहिरोबाट क्षति भएको देखियो । उक्त कार्य त्रुटि सच्याउने म्याद रहेको अवुस्थामा निर्माण व्यवसायीवाट मर्मत सम्भार गराएर मात्र धरौटी तथा जमानत फिर्ता गर्नुपर्ने अन्यथा उक्त रकमको जमानत जफत गर्नुपर्दछ । | |
| ६८ | ६७ | २०७८-१२-२१ | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाको खड्करा खोला काठेपुल निर्माण गर्न लागत अनुमान रु १३४१६१९।०० भएको योजना उपभोक्ता समिति मार्फत गरेकोमा उक्त कार्यको भुक्तानी गर्दा ग्याविय बक्स (२*१*१) उपभोक्ता समितिले ५३ थान खरिद गरेको विल पेश गरेकोमा प्राविधिक मुल्यांकन ६५ थान भएको देखिएकोले १२ थान ग्यावियनको रु ३८३९ का दरले रु ४६०६८।०० तथा सो ग्यावियनमा ढुंगा भर्ने कार्यको रु ७६१२८।०० गरी रु १२२१९६।०० थप भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु | १२२,१९६ |
| ६९ | १७ | २०७८-१०-३ | **वढी भुक्तानीः**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार लाभग्राही सामुदायसंग निर्माण कार्य गराउदा उक्त निर्माण कार्यको प्राविधिक मुल्यांकन तथा नापजाँच गरि तोकिएको दरले भुक्तानी गर्नुपर्दछ । पालिकाले बडीखाली सडक खण्ड पहिरो पन्छाउने कार्य गराई उपभोक्ता समितिलाई रु २,४०,०००।०० भुक्तानी गर्दा Gravel from river को जिल्ला दररेट रु २,२००/- रहेकोमा रु ३,२००/- का दरले Rate analysis गरेकोले भुक्तानी रु ४६३।३९ का दरले भुक्तानी हुनुपर्नेमा रु ६०२।८९ का दरले भुक्तानी भएकोले वढी भुक्तानी भएको २५४.३८ घ.मी. को रु.४०,०६४।०० सम्वन्धित वाट असूल हुनुपर्ने रु | ४०,०६४ |
| ७० | | | **उर्थु वाँत लोर्पा हुदै लुम जोड्ने सडकः**<br><br>**उर्थु वाँत लोर्पा हुदै लुम जोड्ने सडक** निर्माण गर्न लागत अनुमान रु.१९९९४८७०।३१ भएको कार्यमा न्यून कबोल गर्ने निर्माण व्यवसायी आशापूर्ण निर्माण सेवासँग रु.७३०४७०५।८५ मा मिति २०७७।११।१९ मा सम्झौता गरि कार्य गराएकोमा सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७०.१ | | | बोलपत्र मुल्यांकन - बोलपत्रको प्रकृया पुरा गरि दर्ता भएको सम्पूर्ण बोलपत्रको मुल्याङ्कन गर्नुपर्दछ । निर्माण कार्यको लागि बोलपत्रमा २३ वटा बोलपत्र पेश भएकोमा न्यून कवोल गर्ने ३ वटा वोलपत्रको मात्र मुल्यांकन गरेको देखिन्छ भने वाँकी २० बोलपत्र मुल्याँकन गरेको देखिएन ।यसरी कानूनले तोके अनुसार योजनामा पेश भएको सम्पूर्ण वोलपत्रको मुल्यांकन गरी सम्पूर्ण प्रकृया पुरा गरेको स्वीकृत मापदण्ड अनुसार बोलपत्र छनौट गरी निर्माणको ठेक्का गर्नुपर्दछ । | |
| ७०.२ | | | बैंक जमानत - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधि अर्थात १३ महिना अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले उक्त निर्माण सम्झौताको कार्य सम्पन्न गर्नुपर्ने म्याद २०७८।३।२५ रहेकोमा कार्यपालिकाले ३ महिना थप गरि कार्य सम्पन्न २०७८।६।२५ मा भएकोमा सोही अनुसार २०७९।७।२५ सम्म हुनुपर्नेमा राष्ट्रिय वाणिज्य वैंकका रु.५२१०७०२।४१ को कार्य सम्पादन जमानत मिति २०७९।२।१२ सम्मको मात्र भएकोले कार्य सम्पादन जमानतको म्याद थप भएको प्रमाण पेश हुनुपर्ने रु. | ५,२१०,७०२.४१ |
| ७०.३ | | | म्याद थप - सडक निर्माणको कार्यपालिकाले ३ महिनाको म्याद थप गर्ने निर्णय गरे तापनी कार्यालय प्रमुखले निर्माण व्यवसायीलाई म्याद थप गरेको पत्र पेश भएन । | |
| ७१ | | | **लागत सहभागिताः**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ७२ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ७३ | | | **हेभी इक्विपमेण्टको प्रयोगः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| ७४ | | | **जटिलसंरचना निर्माणः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ नं र मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>विद्यालयको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>४०-०७९|३|२५</td><td>विद्यालय व्यवस्थापन समिति</td><td>सरस्वती मा वि हुरी महरी</td><td>१७२८०००</td></tr>
<tr><td>३९-०७९|३|२५</td><td>विद्यालय व्यवस्थापन समिति</td><td>सरस्वती मा वि पातारासी २</td><td>२२६८०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३९९६०००</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्तिः<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार र शिक्षण सहयोग अनुदान</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td></td><td>उच्च माध्यमिक तह</td><td>४</td><td>४</td><td>४</td><td>२३०</td></tr>
<tr><td></td><td>माध्यमिक तह</td><td>११</td><td>११</td><td>७</td><td>७६४</td></tr>
<tr><td></td><td>निम्न माध्यमिक तह</td><td>१६</td><td>१६</td><td>११</td><td>११७४</td></tr>
<tr><td></td><td>प्राथमिक तह</td><td>४९</td><td>४९</td><td>१०</td><td>३६६७</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **दिवा खाजाः**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २००७८।०७९) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. २० का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई अधावधिक नगरी एवम कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरी दिवा खाजा व्यवस्थापन वापत रु ९० लाख ८५ हजार निकासा गरेको छ । EMIS अधावधिक, नभएको र दैनिक हाजिरी एवम खर्चको विल भरपाई समेत पेश भएको छैन। अतः गाउँपालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गर्नुपर्दछ । | |
| ७७ | १२७ | | **पाठ्यपुस्तकः**<br><br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले १६ वटा विद्यालयका ५३३३ विद्यार्थीको लागी पाठ्यपुस्तक वापत रु २७,९३,६६४.०० निकासा गरेको छ । EMIS मा प्रविष्ट र वास्तविक विद्यार्थी संख्य भिडान गर्न नसकिएकोले उक्त खर्चलाई विद्यार्थी संख्यासँग भिडान गर्न सकिएन । | |
| ७८ | | | **कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएकोः**<br><br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले EMIS विवरणमा भएका विद्यार्थी संख्या यकिन नगरी पालिमा अन्तर्गत संचालित सामुदायिक विद्यालयमा पाठ्य पुस्तक, बुक कर्नर, शिक्षण छात्रवृत्ती लगायतका शिर्षकमा रकम निकासा दिएको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १,२७,१७,५६३.०० तलब भत्ता भुक्तानी गरेको अनियमित रु | १२,७१७,५६३ |
| ८० | | | **शैक्षिक अनुदानः**<br><br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकाको खण्ड १ (१.३) आर्थिक अनुशासन तथा वित्तिय प्रतिवेदन (छ) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली विद्यालय खरिद दिग्दर्शन र विद्यालय लेखाङ्कन दिग्दर्शनको आधारमा गर्ने र सोको अनुगमन स्थानीय निकायले गर्नु पर्ने व्यवस्था छ । राष्ट्रपति शैक्षिक सुद्यार कार्यक्रम अन्तर्गत अनुदान दिईएको विद्यालयमा अनुदानको उद्देश्य अनुरुपको कार्य भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।<br><br>क्र सं / विद्यालयको नाम / प्रयोजन / रकम<br>१ / गंगा आधारभुत विद्यालय पातारासी ३ पेरे / ICT Lab व्यवस्थापन / ६५००००<br>२ / आधारभुत विद्यालय पातारासी ४ लुम / ICT Lab व्यवस्थापन / ६५०००० | |
| ८१ | | | **विद्यालय भवनः**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०७८।७९ को क्रियाकलाप नं ८.२ अनुसार सम्झौता भएका विद्यालयहरुलाई तोकिएको काम सम्पन्न गरी विद्यालयले सो जानकारी गराई रकम माग गरे पछि स्थानिय प्राविधिकहरुले निरीक्षण गरी दिएको प्रतिवेदनको आधारमा | ५,७२४,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्वीकृत कार्यक्रमको परिधिभित्र रही अनुदान दिने उल्लेख रहेकोमा पालिकाले निम्न विद्यालयहरुको भवन निर्माण गर्न दिएको रकम हालसम्म परि प्राविधिक मुल्यांकन सहित कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त निर्माणको कार्य सम्पन्न प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><td>भौ नं र मिति</td><td>विद्यालयको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>४०-०७९।३।२५</td><td>सरस्वती मा वि हुरी महरी</td><td>१७२८०००</td></tr>
<tr><td>३९-०७९।३।२५</td><td>सरस्वती मा वि पातारासी २</td><td>२२६८०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३९९६०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२</td><td>४३९</td><td>२०७९-३-२२</td><td>औषधिको मौज्दातः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले पशुसेवा क्षेत्र विकास कार्यक्रम अन्तर्गत रु. ७,९७,७००/- औषधि खरिद गरेकोमा विभिन्न खातामा आशिक रुपमा जिन्सी दाखिला गरेकोले तोकिए बमोजिमको खातामा व्यवस्थित तरिकाले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>७९७,७००</td></tr>
<tr><td>८३</td><td></td><td></td><td>औषधी खरिद तथा मौज्दातः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४९(४) बमोजिम कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । पालिकाले आर्थिक वर्षको अन्त्यमा चिरायू ड्रग हाउस जुम्लावाट रु. ४५००००।०० को खरिद गरेकोमा उक्त औषधीको जिन्सी दाखिला गरी चालु वर्षको शुरुमा मौज्दात अल्या सारेको वा वितरण, हस्तान्तरण गरी मौज्दातको अवस्था एकिन गरि सोको प्रतिवेदन पेश हुन नआएकोले खर्च तथा मौज्दात एकिन गर्न सकिएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८४ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासाः**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा बैंक मार्फत मार्फत वितरण गर्न बैंक अफ काठमाण्डौलाई रु ६,२७,१६,०९०/- निकासा दिएकोमा वितरण नभएको रु १,२७,३७,१८८/- फिर्ता भई रु ४,९९,७८,९०२/- खर्च भएको छ । | |
| ८५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५१५ जनालाई रोजगारी उपलव्ध गराई १५ योजनामा रु.१,६९,०५,२००. खर्च गरेको छ । लक्षित वर्गलाई औषत १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ८६ | | | **विभिन्न कोषः**<br><br>पालिकाले कर्मचारी कल्याण कोष लैङ्गिक हिंसा प्रकोप व्यवस्थापन ५ वेड अस्पताल संचालन मर्मत संभार कोष विविध कोष लगायतका कोष खडा गरी गत वर्षको अल्या मौज्दात रु ४२,५९,१९९/- अल्या गरेकोमा यस वर्ष विपद व्यवस्थापन कोषबाट रु १८,३४,५८६/- मर्मत सम्भार कोषबाट रु ६,८०,७१८/- खर्च गरेको छ । कन्टिन्जेन्सीबाट कट्टा हुने २ प्रतिशत मर्मत संभार कोषमा रकममा जम्मा हुने गरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था गरेपनि यस वर्षको बचत कन्टिन्जेन्सी रु २३,०७,९३३/- सम्बन्धित कोषमा सारेको छैन । त्यस्तै गाउँसभाबाट २०७८।३।३० मा विपद व्यवस्थापन कोषमा रु ३० लाख जम्मा गर्ने निर्णय भएपनि कोष खातामा जम्मा सारेको छैन । पालिकाले मर्मत संभार कोष संचालन वाहेक अन्य कोषहरु संचालनका मापदण्ड र कार्यविधि तयार गर्ने खर्च रकम सभाबाट अनुमोदन समेत नगरेबाट उक्त कोषबाट भएको खर्च नियमित देखिदैन । कोषको आम्दानी तथा खर्च व्यवस्थित गर्ने विनियमावली स्वीकृत गरेर मात्र आम्दानी बाध्ने तथा खर्च गर्ने व्यवस्था गरी कोष व्यवस्थापनमा सुधार गर्नुपर्दछ । | |
| ८७ | | | **वार्षिक प्रतिवेदनः**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८८ | | | **कार्यक्रम कार्यान्वयनः**<br><br>कर्णाली प्रदेश सरकारले आ व ०७६।०७७ को नीति तथा कार्यक्रममा "बैक खाता छोरीको सुरक्षा जीवन भरीको" नारा सहित जन्मे देखि २० वर्ष सम्म प्रत्येक महिना रु ५०० दिने गरी बैक खाता संचालन गर्ने नीति अनुसार आ व ०७६।०७७ मा ६६, ०७७।०७८ मा १२३ र ०७८।०७९ मा ८४ जना गरी हाल सम्म २७३ नानीहरुको बैक खाता संचालन स्वीकृति दिएपनि यस वर्ष सुरु निकासा रु ६ लाख ९३ हजार भएकोमा १५३ जनाको खातामा केही महिनाको रकम जम्मा गरी थप निकासा अनुरोध पठाएपनि निकासा नभई ०७८।०७९ मा १२० जनाको खातामा रकम जम्मा गर्न सकेको छैन् ।घोषित कार्यक्रम अनुसार रकम विनियोजन तथा निकासा नहुँदा कार्यक्रम प्रभावकारी हुने देखिएन । यस प्रकारका दिर्घकालिन दायित्व हुने कार्यक्रम घोषणामा प्रदेश सरकार जिम्मेवार भई बाँकी रकम भुक्तानी गर्ने व्यवस्था गर्ने अन्यथा घोषित नीतिको बैकल्पिक निर्णय गर्नुपर्दछ । | |
| ८९ | | | **आन्तरिक आयः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: ४१८८३२९९२ — आन्तरिक आय: २०२४५७० — आन्तरिक आय प्रतिशत: ०.४८<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.४८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले यो वर्ष आन्तरिक आय श्रृजना हुने कुनै क्रियाकलाप संचालन गरेको देखिएन । आन्तरिक आय वृद्धि गर्ने तर्फ स्रोत पहिचान गरी आवश्यक पहल गर्नुपर्दछ । | |
| ८९.२ | | | वडामा राजश्व बाडफाडः पालिकाले आफ्नो अधिकार क्षेत्र भित्र संकलन गरेको आन्तरिक आम्दानी राजश्व खातामा जम्मा गरी वार्षिक बजेटबाट स्वीकृत भए अनुरुप खर्च गर्नुपर्नेमा पालिकाले वडामा आम्दानी भएको कुल राजश्वको ५० प्रतिशत राजश्व वडामा नै फिर्ता गर्ने निर्णय गरे बमोजिम फिर्ता गरेको छ । पालिकाबाट बजेट स्वीकृत नभएको अवस्थामा पालिकाको संचित कोषको रकम खर्च नपाईने | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४१८८३२९९२ | २०२४५७० | ०.४८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेख छ । यसरी आन्तरिक आम्दानी बजेट मार्फत बाँडफाँड नभई सिधै फिर्ता गर्दा उक्त रकम बजेटको सिमा भित्र नआउने देखिएकोले आन्तरिक आम्दानी फिर्ता गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>कर तथा शुल्क असुलीः<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>५००००००</td><td>६०००००</td><td>१२०</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>अन्य कर</td><td>५००००००</td><td>१४२४५७०</td><td>२८५</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>राजश्व अभिलेख :<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको अभिलेख पालिकाले राखेको छैन । नगदी रसिद अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन भने संकलित राजश्वको शिर्षकगत विवरण खुल्ने गरी अभिलेख नराखेकोले लक्ष्य</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुसार असुली तुलना गर्न सक्ने अवस्था रहेन । यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गरी यकिन गर्नुपर्दछ । रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा पालिकाले ध्यान पु¥याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>राजश्व दाखिला :<br><br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ८ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>नन्फाइलरः<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले महत र बुढाथोकी निर्माण फर्मलाई मू.अ.कर रु.९,४१,३८०.०० समेत रु. ८१,८२,७६३.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले सोको कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>१८७</td><td>महत र बुढाथोकी निर्माण</td><td>६०४३५२६९५</td><td>८१८२७६३</td><td>९४१३८०</td><td>२०७८ साउन</td></tr>
</table></td><td>९४१,३८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९४</td><td></td><td></td><td>आयको अनुमानः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८|७९ मा रु.२०,२४,५७०.०० अर्थात अनुमान भन्दा १०२.४६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>९५</td><td></td><td></td><td>आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :</td><td></td></tr>
<tr><td>९५.१</td><td></td><td></td><td>बिल बिजक भन्दा बढी भुक्तानीः गोभौनं १६९ श्री रतन सिंह बुढालाई भुक्तानी दिंदा विल भरपाइ अनुसार ६०,९००। दिनुपर्नेमा रु ६४,९००। भुक्तानी भएकोले बढी रकम रु ४०००। असुल उपर गर्नुपर्ने रु</td><td>४,०००</td></tr>
<tr><td>९५.२</td><td></td><td></td><td>कार्य संचालन निर्देशिका २०७७ अनुसार कार्यक्रम संचालन गर्दा तोकेको दरमा भुक्तानी गर्नुपर्नेमा विभिन्न मितिमा स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गर्दा तोकिएको नर्म्स भन्दा वढी भुक्तानी गरेको देखएकोले उक्त रकम असूल गर्नुपर्ने रु
<table>
<tr><td>क्रसं</td><td>नाम थर</td><td>पद</td><td>कानून</td><td>भुक्तानी</td><td>फरक</td><td>असुल</td><td>कैफियत</td></tr>
<tr><td></td><td>रतन बुढ्थापा</td><td>अधिकृत</td><td>८००</td><td>१५००</td><td>७००</td><td>३५७०</td><td>६ दिन</td></tr>
<tr><td></td><td>बिमा रोकाया</td><td>अधिकृत</td><td>८००</td><td>१५००</td><td>७००</td><td>३५७०</td><td>६ दिन</td></tr>
<tr><td></td><td>कृष्ण बहादुर बुढा</td><td>अधिकृत</td><td>८००</td><td>१५००</td><td>७००</td><td>१७८५</td><td>३ दिन</td></tr>
</table></td><td>२९,१४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जयलाल न्यौपाने | अधिकृत | ८०० | १५०० | ७०० | ५९५ | १ दिन |
| | लोक बहादुर रावल | अधिकृत | ८०० | १५०० | ७०० | ५९५ | १ दिन |
| गोभौनं ८३ | | | | | | | |
| क्रसं | नाम थर | पद | कानून | भुक्तानी | फरक | असुल | कैफियत |
| | जयलाल न्यौपाने | अधिकृत | ८०० | १००० | २०० | ३४० | २ दिन |
| | परिमल सार्कि | अधिकृत | ८०० | १००० | २०० | ३४० | २ दिन |
| | रतन बहादुर बुढ्थापा | अधिकृत | ८०० | १००० | २०० | ३४० | २ दिन |
| गौभौनं ८४ | | | | | | | |
| क्रसं | नाम थर | पद | कानून | भुक्तानी | फरक | असुल | कैफियत |
| | रतन बहादुर बुढ्थापा | अधिकृत | ८०० | १००० | २०० | ६८० | ४ दिन |
| | लोक बहादुर रावल | अधिकृत | ८०० | १००० | २०० | ६८० | ४ दिन |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गोभौनं ८५</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>क्रसं</td><td>नाम थर</td><td>पद</td><td>कानून</td><td>भुक्तानी</td><td>फरक</td><td>असुल</td><td>कैफियत</td></tr>
<tr><td></td><td>रतन बहादुर बुढ्थापा</td><td>अधिकृत</td><td>८००</td><td>१०००</td><td>२००</td><td>६८०</td><td>४ दिन</td></tr>
<tr><td></td><td>विमा रोकाया</td><td>अधिकृत</td><td>८००</td><td>१०००</td><td>२००</td><td>१७०</td><td>१ दिन</td></tr>
<tr><td></td><td>कृष्ण बहादुर बुढा</td><td>अधिकृत</td><td>८००</td><td>१०००</td><td>२००</td><td>६८०</td><td>४ दिन</td></tr>
<tr><td></td><td>कृष्ण बहादुर बुढा</td><td>अधिकृत</td><td></td><td></td><td></td><td>१६००</td><td>प्रतिवेदन र प्रशिक्षक</td></tr>
<tr><td></td><td>उमा न्यौपाने</td><td>सहायक</td><td>७००</td><td>१०००</td><td>३००</td><td>२५५</td><td>१ दिन</td></tr>
<tr><td></td><td>विष्णु ऋषि</td><td></td><td>८००</td><td>१०००</td><td>२००</td><td>५१०</td><td>३ दिन</td></tr>
<tr><td>गोभौ नं ८६</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>क्रसं</td><td>नाम थर</td><td>पद</td><td>कानून</td><td>भुक्तानी</td><td>फरक</td><td>असुल</td><td>कैफियत</td></tr>
<tr><td></td><td>रतन बहादुर बुढ्थापा</td><td>अधिकृत</td><td>८००</td><td>१०००</td><td>२००</td><td>५१०</td><td>३ दिन</td></tr>
<tr><td></td><td>भिम बहादुर रोकाया</td><td>सहायक</td><td>७००</td><td>१०००</td><td>३००</td><td>७६५</td><td>३ दिन</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>चन्द्र बहादुर बुढा</td><td>सहायक</td><td>७००</td><td>१०००</td><td>३००</td><td>७६५</td><td>३ दिन</td></tr>
<tr><td>गोभौनं ८७</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>क्रसं</td><td>नाम थर</td><td>पद</td><td>कानून</td><td>भुक्तानी</td><td>फरक</td><td>असुल</td><td>कैफियत</td></tr>
<tr><td></td><td>रतन बहादुर बुढ्थापा</td><td>अधिकृत</td><td>८००</td><td>१०००</td><td>२००</td><td>५१०</td><td>३ दिन</td></tr>
<tr><td></td><td>विष्णु बहादुर थामि</td><td>अधिकृत</td><td>८००</td><td>१०००</td><td>२००</td><td>५१०</td><td>३ दिन</td></tr>
<tr><td>गोभौनं ९४</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>क्रसं</td><td>नाम थर</td><td>पद</td><td>कानून</td><td>भुक्तानी</td><td>फरक</td><td>असुल</td><td>कैफियत</td></tr>
<tr><td></td><td>रतन बहादुर बुढ्थापा</td><td>अधिकृत</td><td>८००</td><td>१५००</td><td>७००</td><td>५९५</td><td>१ दिन</td></tr>
<tr><td></td><td>लोक बहादुर रावल</td><td>अधिकृत</td><td>८००</td><td>१५००</td><td>७००</td><td>५९५</td><td>१ दिन</td></tr>
<tr><td>गोभौनं १०९</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>क्रसं</td><td>नाम थर</td><td>पद</td><td>कानून</td><td>भुक्तानी</td><td>फरक</td><td>असुल</td><td>कैफियत</td></tr>
</table>
</td><td></td></tr>
</table>

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रतन बहादुर बुढ्थापा | अधिकृत | ८०० | १००० | २०० | ६८० | ४ दिन |
| | कृष्ण बहादुर बुढा | अधिकृत | ८०० | १००० | २०० | ३४० | २ दिन |
| | विष्णु बहादुर थामि | अधिकृत | ८०० | १००० | २०० | ३४० | २ दिन |
| | जयलाल न्यौपाने | अधिकृत | ८०० | १००० | २०० | ३४० | २ दिन |
| | रतन बहादुर बुढ्थापा | अधिकृत | | | | १७००। | दोहोरो तालिममा प्रशिक्षक |
| गोभैनं ११८ | | | | | | | |
| क्रसं | नाम थर | मिति | कानून | भुक्तानी | फरक | असुल | कैफियत |
| | रतन बहादुर बुढ्थापा | २०७९।३।१४ | ८०० | १००० | २०० | ३४०। | २ दिन |
| | शान्ती बोहोरा | सहायक | ८०० | १००० | २०० | ३४०। | २ दिन |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>रतन बहादुर बुढ्थापा</td><td>२०७९।०३।१३।१४</td><td></td><td></td><td></td><td>१७००।</td><td>दोहोरो</td></tr>
<tr><td></td><td>चन्द्र ऐडि</td><td>सहायक</td><td>७००</td><td>१०००</td><td>३००</td><td>५१०।</td><td>२ दिन</td></tr>
<tr><td></td><td>रतन बहादुर बुढ्थापा</td><td>२०७९।०३।१२।१३</td><td></td><td></td><td></td><td>१७००।</td><td>दोहोरो</td></tr>
<tr><td></td><td>भिम रोकाया</td><td>सहायक</td><td>७००</td><td>१०००</td><td>३००</td><td>५१०।</td><td>२ दिन</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td></td><td></td><td></td><td>२९१४०।</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९६</td><td></td><td></td><td>लघु उद्यम विकास कार्यक्रमः<br><br>गरिवि निवारणका लागि लघु उद्यम विकासका लागि विभिन्न तालिम संचालन गराउन परामर्शदाताको लागि सुचना प्रकासन गरेकोमा ३ पटकको सुचना प्रकासनमा २ परामर्शदाताले पेश गरेको आर्थिक प्रस्ताव अनुसार संग्रिला एसोसियसन जुम्लाले पेश गरेको रु. १८६२११०।०० स्वीकृत गरि कार्यक्रम संचालन भएको छ। सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन।</td><td></td></tr>
<tr><td>९६.१</td><td></td><td></td><td>आयकर - आयकर ऐन २०५८ अनुसार परामर्शदाताको रकम भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर कट्टा गर्नुपर्दछ । पालिकाले लघु उद्यम विकास तामिल संचालन गरे वापत परामर्शदाताले कर विजक पेश नगरेकोले भुक्तानी भएको रु.१४६७०००।०० को १५ प्रतिशतले रु.२२१४००।०० को कट्टा गर्नुपर्नेमा रु.६६०६०।०० मात्र दाखिला गरेको देखिएकोले अपुग रु.१५५३४०।०० सम्वन्धित असूल हुनुपर्ने रु</td><td>१५५,३४०</td></tr>
<tr><td>९६.२</td><td>१४२</td><td>२०७९-३-२५</td><td>ओभरहेड भुक्तानी - परामर्श सेवामा ओभरहेड दिन मिल्ने देखिदैन । पालिकाले तालिम कार्यक्रम संचालन गरेकोमा उक्त तालिम संचालन वापत संग्रीला एसोसियसन जुम्लालाई तालिम संचालन वापत रु.१३९०६२०।०० भुक्तानी हुनुपर्नेमा ओभरहेड खर्च थप रु.१०११५८।०० भुक्तानी भएकोले उक्त रकम असूल हुनुपर्ने रु.</td><td>१०१,१५८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९७ | | | अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फर्छ्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फर्छ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| **१३४७०३** | २०५ | १३४४९८ |